## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौरीगंगा नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौरीगंगा नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौरीगंगा नगरपालिका

### कैलाली

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन,नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गौरीगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले गौरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ७ करोड ५४ लाख ४५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ३० लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७८ लाख ५ हजार, नियमित गर्नुपर्ने रु. ५ करोड ४१ लाख ४६ हजार र पेश्की रू. ४ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १९ करोड ११ लाख ६८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. २६ करोड ६६ लाख १३ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

गौरीगंगा नगरपालिका, कैलाली

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७२ | १८९ | ७५४४५ | ० | ० | ० | ७२ | १८९ | ७५४४५ | १३०९३ | ५४१४६ | ७८०५ | ० | ० | ६१९५१ | ४०० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गौरीगंगा नगरपालिका, कैलाली | १९११६८ | ० | ० | १९११६८ | ० | ७५४४५ | २६६६१३ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गौरीगंगा नगरपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरिदत्त भट्ट | २०७८-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नरेश वि.क. | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७५,४४५,५७०.१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,९३,२७,३१४.३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,९२,२९,००० | **चालु खर्च** | ४१,६३,८५,४८७.९९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३८,७५,०१८ | **पूँजीगत खर्च** | २१,३१,७२,९९२ |
| **राजश्व बाँडफाँट** | १७,८३,९०,४९६.३१ | **वित्तीय/अन्य व्यवस्था** | २७,९९,०१,९७७.८४ |
| **आन्तरिक आय** | १,७६,९३,०४०.४७ | | |
| **अन्य आय** | २६,८२,८०,२२१.८४ | | |
| **कुल आय** | ९२,७४,६७,७७६.६२ | **कुल खर्च** | ९०,९४,६०,४५७.८३ |
| **बाँकी मौज्दात** | | १३,७३,३४,६३३.१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा,२४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५३१४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br><br>शिक्षकको पारिश्रामिक बढी निकासा वापत जनप्रिय मा वि,लिक्माका जयन्ती कर्णको रु.१५०९१.०० राष्ट्रिय वाणिज्य बैंक लि धनगढी शाखा मिति २०७९/१०/१८ राजश्व शिर्षक नं १५१११ मा असुल भई दाखिला भएको बैंक भौचर संलग्न,सुनपालपञ्च मा वि,ईन्द्रपुरको शिक्षक नर बहादुर सुनारको रु.१७७९३.०० राष्ट्रिय वाणिज्य बैंक लि धनगढी शाखा मिति २०७९/१०/१६ राजश्व शिर्षक नं १५१११ मा असुल भई दाखिला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको बैंक भौचर संलग्न,लघु उघम विकास कार्यक्रम प्रविधि हस्तान्तरण अन्तर्गत बढी भुक्तानी रु.२२,५०५.०० राष्ट्रिय वाणिज्य बैंक लि धनगढी शाखा मिति २०७९/१०/१६ राजश्व शिर्षक नं १५१११ मा असुल भई दाखिला भएको बैंक भौचर संलग्न र भौ.नं १३१/२०७९/०३/०२ स्वास्थ्य कार्यक्रम संचालानार्थ पारिश्रामिक कर कट्टी नभएको रु.७९०५.०० एभरेष्ट बैंक लि धनगढी शाखा मिति २०७९/१०/१९ राजश्व शिर्षक नं ११११२ मा असुल भई दाखिला भएको बैंक भौचर संलग्न र बहाल कर वापत रु.४५०.०० एभरेष्ट बैंक लि धनगढी शाखा मिति २०७९/१०/१९ राजश्व शिर्षक नं ११५३१ मा असुल भई दाखिला भएको बैंक भौचर संलग्न गरी कुल रु.६३७४४.०० असुल भएको छ । | |
| ४ | | | **वित्तीय प्रतिवेदन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ४.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२३७१४४००।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक विवरण तयार गर्न लगाइएकोमा पालिकाबाट कुनै पनि विवरण नभरेको कारण उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१०६७६८७३.३४, यस वर्षको प्राप्ति रु.२७६६८०२१५.६८, यस वर्षको भुक्तानी रु.२५४९८७४०१.८४ र बर्षान्तको मौज्दात रु.११०१५९४०.५० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गत वर्षको जिम्मेवारी</th><th>यस वर्षको प्राप्ति</th><th>यस वर्षको भुक्तानी</th><th>मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१३०००४१८७.६९</td><td>६५०७८७५६०.९४</td><td>६५४४७३०५५.९९</td><td>१२६३१८६९२.६४</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>११९३२७३१४.३५</td><td>९२७४६७७७६.६२</td><td>९०९४६०४५७.८३</td><td>१३७३३४६३३.१४</td></tr>
<tr><td>फरक</td><td>१०६७६८७३.३४</td><td>२७६६८०२१५.६८</td><td>२५४९८७४०१.८४</td><td>११०१५९४०.५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>श्रेस्ता अनुसार मौज्दात २०७९।३।३२</th><th>बैंक अनुसार मौज्दात २०७९।३।३२</th><th>फरक</th><th></th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>०</td><td></td><td></td></tr>
<tr><td>२</td><td>बाँडफाँडबाट प्राप्त राजश्व खाता</td><td>०</td><td>०</td><td></td><td></td></tr>
<tr><td>३</td><td>आन्तरिक अनुदान खाता</td><td>०</td><td>०</td><td></td><td></td></tr>
<tr><td>४</td><td>चालु खर्च खाता</td><td>०</td><td>२०९७७३३२.१७</td><td>२०९७७३३२.१७</td><td></td></tr>
<tr><td>५</td><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>७०६७८७०४.०</td><td>७०६७८७०४.०</td><td></td></tr>
<tr><td>६</td><td>विविध खर्च खाता</td><td>१५०८८६२.०</td><td>१५०८८६२.०</td><td>-८९४५००२७.१७</td><td></td></tr>
<tr><td>७</td><td>संचित कोष खाता</td><td>१२१२७६८७८.३०</td><td>३१८२६८५१.१३</td><td>०.</td><td></td></tr>
<tr><td>८</td><td>विविध कोष खर्च खाता</td><td>१८७६८२५.०</td><td>१८७६८२५.०</td><td>४५२७९९.५</td><td></td></tr>
<tr><td>९</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१६५४१२७.३४</td><td>२१०६९२६.८४</td><td>२६५८८०८.५</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२६३१६६९३</td><td>१२८९७५५०१.१४</td><td>-८९४५००२७.१७</td><td></td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१३५४३६७४०।० मौज्दात रहेकोमा यो वर्ष रु.११९३२७३१४.३५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६१०९४२५.६५ फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरि हिसाव पेश गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.५ | | | **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात श्रेस्ता अनुसार सबै संचित कोष खातामा ट्रान्सफर गरेको देखिएतापनि बैंकमा सम्बन्धित खातामा मौज्दात रहेको देखिएकोले तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.६ | | | **धरौटीको आय व्यय**– पालिकाले कारोबार गर्ने सम्पूर्ण खर्च सुत्रमा प्रविष्टि गरी सोबाट मात्र कारोबार गर्नुपर्दछ । पालिकाले यस वर्ष धरौटी तर्फ गत वर्षको जिम्मेवारी सारेको रु.९५१९३१५.५०, यस वर्ष प्राप्ति रु.५०५६०९१।० समेत रु.१४५७५४०६।५० आम्दानी गरेकोमा रु.३५९३४९१।० फिर्ता गरी रु.१०९८१९१५।५० मौज्दात रहेको विवरण उपलब्ध गराएकोमा धरौटीको कारोबार सुत्रमा समावेश गरेको छैन । नेपाल सरकारले स्थानिय तहका सवै कारोबार सुत्रमार्फत गर्ने उल्लेख गरेकोमा पालिकाले धरौटी कारोबार सुत्रभन्दा बाहिरबाट गरेको देखिएकोले धरौटी कारोबारमा पूर्ण रुपमा एकिन गर्न सकिएन । अत सबै कारोबार सँगै धरौटी कारोबारलाई समेत धरौटीमा समावेश गर्नुपर्दछ । भिडान गरी यकिन गर्ने | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सिमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क)अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईए,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भउका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योजदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भउको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिमा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन,<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री अचला चौधरीले मिति २०७८।३।१० गते रु.४८ करोड ०४ लाख १५ हजार हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमा नै अख्तियारी प्रदान गरी बजेट कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>रकमान्तर - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू.२ करोड ८७ लाख २० हजार अर्थात कुल बजेट रु.४८ करोड ४ लाख १५ हजारको ५.९७ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४१५७८</td><td>३१९३८</td><td>५.०७</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२५३५९५</td><td>१७१४५२</td><td>२७.२३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३३८२९१</td><td>३०३१७०</td><td>४८.१६</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१००७६</td><td>४८१४</td><td>०.७६</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१३२४३१</td><td>११८१८३</td><td>१८.७८</td></tr>
<tr><td>६</td><td>वातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७७५९७१</td><td>६२९५५७</td><td>१००.०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४८.१६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.७६ प्रतिशत खर्च गरेको देखिन्छ । वातावरण तथा विकासमा शुन्य प्रतिशत खर्च भएको छ ।
</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा)</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>४६४३५७</td><td>४१६३८५</td><td>८९३५७</td><td>११७४६९</td><td>२०९५५८</td></tr>
<tr><td>२</td><td>पुंजीगत खर्च तर्फ</td><td>३१०६१४</td><td>२१३१७२</td><td>९५०५</td><td>५३०००</td><td>१५०६६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७७४९७१</td><td>६२९५५७</td><td>९८८६२</td><td>१७०४६९</td><td>३६०२२६</td></tr>
</table>
<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ६२ करोड ९५ लाख ५७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.९ करोड८८ लाख ६२ हजार अर्थात १५.७० प्रतिशत, दोस्रो चौमासिकमा रु.१७ करोड ४ लाख ६९ हजार अर्थात २७.०७ प्रतिशत र तेस्रो चौमासिकमा रु.३६ करोड २ लाख २६ हजार अर्थात ५७.२२ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी तेस्रो चौमासिकमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियमामा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१ करोड ७६ लाख ९३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.६४ करोड १४ लाख ९४ हजार समेत रु.६५ करोड ९१ लाख ८७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४१ करोड ६३ लाख ८५ हजार र पूँजिगत तर्फ रु.२१ करोड ३१ लाख ७३ हजार समेत रु. ६२ करोड ९५ लाख ५८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.८१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८६२८७६६।६७ खर्च भएको छ जुन आन्तरिक आयको ४८.७७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१४ प्रतशित चालु र ३३.८६ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ७ | | | **बजेट निर्माण प्रक्रिया**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ अनुसार स्थानीय तहले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्यख्या, २०७४ को खण्ड २ मा आर्थिक संकेत वर्गिकरण र व्याख्या सम्बन्धि व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा बजेट निर्माण गर्दा वडा कार्यालयको बजेट तयार गर्दा पालिकाले वडा कार्यालयको लागि कार्यालय सामाग्री, मसलन्द, इन्धन, फर्निचर, घरभाडा, आर्थिक सहायता लगाएतका चालु कार्यक्रम विविध कार्यालय संचालन खर्च र विपद व्यवस्थापन तथा भैपरी आउने खर्च गरी दुई वटा कार्यक्रम राखि सोहीबाट उल्लेखित सम्पूर्ण संकेत अन्तर्गतको खर्च लेख्ने गरेको छ । ऐन तथा कार्यविधिमा भएको व्यवस्थाको पालना गरी बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८.१ | | | **दरबन्दी पदपूर्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थीय तहको कार्यबोज, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकिय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ६९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकिय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.२</td><td></td><td></td><td>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा १२६ जना कर्मचारीहरु करारमा राखि रु.३२६९९५१६।० खर्च लेखेको छ । कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कानुन बमोजिम मात्र पदपुर्ति गरेर खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>ज्यालादारीमा कर्मचारी करार - पालिकाले ज्यालादारीमा देहायका कर्मचारीलाई करारमा राखि पारिश्रमिक भुक्तानी गरेको छ । बार्षिक रुपमा कार्य गर्ने गरी ज्यालादारीमा कर्मचारी राख्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>कर्मचारीको नाम</th><th>कार्यस्थान</th><th>दैनिक ज्याला रकम</th><th>अवधि</th></tr>
<tr><td>१</td><td>का.स.</td><td>मैगल चौधरी</td><td>नगरपालिका</td><td>७१६.०</td><td>१ वर्ष</td></tr>
<tr><td>२</td><td>अ.स.इ.</td><td>दिपक चौधरी</td><td>नगरपालिका</td><td>८८७.०</td><td>६ महिना</td></tr>
<tr><td>३</td><td>का.स.</td><td>निसा कुमारी चौधरी</td><td>वडा नं. ६</td><td>६१०</td><td>१ वर्ष</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>कर्मचरी कल्याणकारी कोष— स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलब बाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगत वर्षको मौज्दात कायम गरेकोमा यस वर्ष कोषमा रकम जम्मा गरेको देखिएन । अत नियमावलीमा व्यवस्था भएको अनुसारको कोष निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कार्यालय संचालन र प्रशासनिक खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९.१ | | | **घर भाडा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.९९६६५४।० भुक्तानी गरेकाें पाईयो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्नेमा सो बमोजिम गरेको छैन । | |
| ९.२ | | | **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु.१४९५३४३।० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएका सबै पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन । साथै सवारी साधन मर्मत गर्दा मेकानिकल इन्जिनियरको प्रमाणिकरण पनि गरेको पाइएन । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिला समेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन । | |
| ९.३ | | | **ईन्धन खर्च -** कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ । कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.१५२१६११।० र पदाधिकारीका लागि रु.९४१७७०।० गरी कुल रु.२४६३३८१।० ईन्धन वापत खर्च भएको पाईयो । कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्य विवरण, माइल मिटर, सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन । | |
| ९.४ | | | **भ्रमण प्रतिवेदन -** भ्रमण खर्च नियमावलि,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व.२०७८/७९ मा भ्रमण खर्च वापत रु.२००००००।० भुक्तानि गरेको पाईयो । कार्यालयले विभिन्न समयमा पदाधिकारी र कर्मचारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न राख्ने गरेको छ । भ्रमण अभिलेख किताब, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भ्रमणको उद्देश्य पनि स्पष्ट नगरी भ्रमणमा खटाउने गरेको देखिन्छ । अत स्पष्ट कारण र प्रयोजन किटान गरेर मात्र भ्रमणमा खटाउने तथा नियमावलिको व्यवस्था अनुसार गर्न भ्रमण अभिलेख, प्रतिवदेन तयार गर्नुपर्दछ । | |
| ९.५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु अभिलेख राख्नुपर्दछ । | |
| १० | | | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| १०.१ | | | **कानून निर्माणको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा ऐन, नियम, कार्यविधि, निर्देशिका लगाएतका ४७ वटा कानुनहरु निर्माण गरेको र चालु आ.व.मा ६ वटा कार्यविधि बनाएको विवरण प्राप्त भएको छ । पालिकाले आफ्नो क्षेत्र अधिकार भित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| १०.२ | | | **न्याय सम्पादन अवस्था —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि **५३** सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वाकीं र बाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको १२ गरी कुल ३२ विवाद दर्ता भएकोमा ८ वटा फछ्र्यौट भई २४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ११ | | | **आर्थिक सहायता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **आर्थिक सहायता वितरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ जारी गरी यस वर्ष सम्मको दरले रु.१४९६५००।० (पालिकाबाट मात्र) आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१७६९३०४०।४७ को ८.४६ प्रतिशत हुन आउँछ । तर पालिकाले यसरी वितरण गरेको आर्थिक सहायता प्राप्त गर्ने लाभग्राहीको विवरण राख्ने गरेको छैन । जसको कारण सहायता वितरणमा दोहोरोपना नभएको तथा तोकीएको लाभग्राहीले मात्र आर्थिक सहायता प्राप्त गरेकोमा एकिन हुन सकिदैन । तसर्थ निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| ११.२ | | | **आर्थिक सहायताको अनुगमनः** गौरीगंगा नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ को बुँदा नं. ५ अनुसार वितरण भएको आर्थिक सहायताको त्रैमासिक रुपमा एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृतले कार्यपालिको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.१४९६५००।० आर्थिक सहायता वितरण गरेकोमा त्यसको अध्यावधिक विवरण तयार गरेको छैन भने कार्यापालिकाको बैठकमा समेत पेश गरेको देखिएन । अत कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १२ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको आन्तरिक आय रु. १७६९३०४०।४७ रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४३२६१५६।० खर्च गरेको पाईयो । आन्तरिक आयको २४।४५ प्रतिशत विविधमा खर्च गर्नु उपयुक्त देखिएन । | |
| १३ | | | **बेरुजु लगत**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको छ । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्योंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| १४ | | | **कर्मचारी कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । कर्मचारी कल्याणकोषमा गत वर्षको मौज्दात रु. २९००००० मध्ये कार्यालय सहयोगी संगल चौधरी (सहायक स्तर तृतिय) लाई उपदान बाफत रु. १०२११७५ भुक्तानी गरी रु. १८७८८२५ मौज्दाद बाँकी रहेको विवरण पेश भएको छ । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ । | |
| १५ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१३१७२९९२.० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ । | |
| १६ | | | **धरौटि तर्फ** | २,४३०,२३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने अवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यअभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी वापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश नगरी धरौटी फिर्ता गरेको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डि एल पि अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर फिर्ता रु. २४३०२३७। उपर्युक्तानुसार अनुसार प्रमाण पेश हुनुपर्ने रु. | |

| क्र.सं. | गौ.भौ/ मिति | धरौटी फिर्ता पाउने | ब्यहोरा | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५/०७८/०५/१७ | कैलपाल कन्सट्रक्सन | मु.अ. करसमायोन पत्र नभएको | १२७०१९ | |
| २ | ५/०७८/५/१७ | सरस्वति कन्सट्रक्सन | मु.अ. करसमायोन पत्र नभएको | १५४३०० | प्राविधिक सिफारिस नभएको |
| ३ | ७/०७८/०७/०७ | तेडी निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | १२१५९४ | |
| ४ | ९/०७८/०७/२८ | कावेरी कन्सट्रक्सन | मु.अ. करसमायोन पत्र नभएको | २६००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १३/०७८/०९/३० | विविएस कन्ट्रक्सन | मु.अ. करसमायोन पत्र नभएको | १०५६३७१ | |
| ६ | १४/०७८/९/३० | जयश्री बाराही अजिमा निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | ८७७३५ | |
| ७ | १६/०७८/११/२६ | चन्द्र विकास यज्ञ लक्ष्मी निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | १०११५७ | |
| ८ | १७/०७८/१२/७ | जयश्री बाराही अजिमा निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | १६६८५६ | |
| ९ | १८/०७८/१२/२३ | एम.एस कन्सट्रक्सन | मु.अ. करसमायोन पत्र नभएको | १४५५६२ | |
| १० | ३५/०७९/०३/०५ | जे.वि निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | ४२२४३७ | |
| ११ | ३६/०७९/०३/१२ | अजित एण्ड अमित निर्माण सेवा | मु.अ. करसमायोन पत्र नभएको | २१२०६ | |
| जम्मा | | | | २४३०२३७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **बेमौसमी वर्षाको क्षतिपूर्ती**<br><br>२०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवाली क्षतिको राहात स्वरुप जिल्ला प्रशासनबाट पालिकालाइ प्राप्र भएको पेश्की रु. १५९८६९१७ मध्ये रु. १५६५८६०६ वितरण गरिएको र बाँकी रु. ३२८३१० मिति २०७९/०३/३२ सम्बन्धित निकायमा फिर्ता गरेको छ । | |
| १८ | | | **पेश्की व्यवस्थापन** | |
| १८.१ | | | **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्र्यौट नगरेकोले नियमानुसार पेश्की फस्र्यौट गर्नुपर्ने रु. | ४००,००० |

| सि.नं. | पेश्कीकोविवरण | पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | चौमाला प्राथमिक केन्द्रमा दन्तरोग निदान तथा उपचार सेवा विस्तार लगायत व्यवस्थापन खर्च | चौमाला प्रा. स्वास्थ्य केन्द्र | ०.० | ४०००००.० |
| २ | तालबन्द सडक कालोपत्रे वडा नं. ७ | एन के पी कन्स्ट्रक्सन | १८२०००.० | ०.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>बढैयापुर शिविर सडक कालोपत्रे</td><td>एन के पी कन्ष्ट्रक्सन</td><td>१६४०००.०</td><td>०.०</td></tr>
<tr><td>४</td><td>वडा कार्यालय जाने सडक कालोपत्रे वडा नं. ४</td><td>एन के पी कन्ष्ट्रक्सन</td><td>१७९०००.०</td><td>०.०</td></tr>
<tr><td>५</td><td>सुन्दरपुर हुँदै भैसापुर जलवापुर जाने सडक कालोपत्रे</td><td>एन के पी कन्ष्ट्रक्सन</td><td>२२४०००.०</td><td>०.०</td></tr>
<tr><td>६</td><td>खसड बहुमुखि क्याम्पस भवन निर्माण</td><td>थापा निर्माण सेवा, अछाम</td><td>१४९०००.०</td><td>०.०</td></tr>
<tr><td>७</td><td>सेफ हाउस निर्माण वडा नं. ४</td><td>एभरेष्ट कन्ष्ट्रक्सन</td><td>३६३७२०.०</td><td>०.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२६१७२०.०</td><td>४०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>उपभोक्ता समितिलाई पेश्की - उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्र्यौट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिई काम गराएको पनि देखिन्छ । आ.व. को अन्त्यतिर पेश्की दिई काम गराउँदा गुणस्तरयुक्त काम नहुन सक्ने र अनुगमन मुल्याङ्कनमा पनि कठिनाई हुन सक्ने हुँदा यस्तो प्रकृयाबाट काम गराउने प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कार्यसम्पादन जमानत<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा कार्यसम्पदन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ । वडा नं २ को उदासी जलधुस्रा सडक कालोपत्रे</td><td>४७५,६५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्य एन पि एस निर्माण सेवा कैलालीले गरेकोमा उक्त कार्यको निर्माण २०७८।८।१६ मा सम्पन्न भएकोमा कृषि विकास बैक लिमिटेडबाट जारी भएको कार्यसम्पादन जमानत रकम रु ४७५६५९। को मान्य अवधि २०७९।९।१५ सम्म हुनु पर्नेमा २०७९।४।३१ सम्म मात्रको भएकोले १३ महिना वरावरको कार्य सम्पादन जमानत हुनु पर्ने रु | |
| २० | | | **उपभोक्ता समितिवाट जटिल संरचना निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा हेभी मेशिन औजार प्रयोग नहुने श्रममूलक काम मात्र उपभोक्ता समितिवाट गराउनु पर्ने व्यवस्था छ । पालिकावाट लागत अनुमान तयार गर्दा नै मेशिनको प्रयोग हुने गरी गर्ने गरेको र त्यस्ता जटिल खालका संरचना उपभोक्ता समितिवाट गराउने गरेको पाईयो । उपभोक्ता समितिवाट त्यस्ता निर्माण कार्य गराउदा गुणस्तर कायम गर्ने पक्षलाई ध्यान दिएको पाईएन । उपभोक्ता समितिवाट निर्माण कार्य गराउदा निर्माण पश्चात निर्माणको काममा गुणस्तर कायम नभई बिग्रने भत्कने अवस्था भई त्रुटी सच्याउनु पर्ने भएमा उपभोक्ता समितिलाई भुक्तानी हुने रकमावट धरौटी कट्टा गरी राख्ने एवं बैक जमानत राख्ने व्यवस्था नभएको कारण उपभोक्ता समितिलाई जिम्मेवार वनाउन सकिदैन । यस्ता निर्माण कार्य अनुभवी निर्माण व्यवसायीवाट वोलपत्रका माध्यमवाट गराउनु पर्दछ । उपभोक्ता समितिवाट निर्माण कार्य भएका केही उदाहरण देहायवमोजिम छन् | |

| भौ नं र मिति | निर्माण कार्य | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| **भवन निर्माण** | | | |
| १९३।२०७८।१२।६ | वडा कार्यालयको अधुरो हल निर्माण वडा नं ६ | ११४२१११।४७ | ९९७३२१। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| २४०।२०७८।१२।३० | खोपकेन्द्र भवन निर्माण वडा नं ७ | १२७५१९६।८४ | ११०४९०५। |
| ४२५।२०७९।३।२३ | ७ नं वडा कार्यालय भवन तला थप | २१८१८५१।८६ | १६९७३८२। |
| | ५ नं वडामा व्याडमिण्टन हल निर्माण | | १४९०६०। |
| **कल्भर्ट निर्माण** | | | |
| ३०१।२०७९।२।१८ | सुगौवा बांधमा कर्भर्ट निर्माण वडा नं ११ | १३४५५२५।४१ | ११९०१५१। |
| ३८१।२०७९।३।१९ | मंगलपुर शानि टोलमा पक्की कल्भर्ट निर्माण वडा नं १ | ९८४७०७।८९ | ६४३१७०। |

</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**१५ शैया अस्पताल**

एकिकृत स्वास्थ्य पूर्वधार विकास कार्यक्रम अन्तर्तत १५ शैयाको अस्पताल निर्माणका लागि पालिका र राजेन्द्र निर्माण सेवा विच रु १०१७४९८१८।४० को सम्झौता रकममा सम्झौताको दुई वर्ष भित्र काम सम्पन्न गर्ने गरी २०७८।२।२६ मा सम्झौता गरी सम्झौता रकमको करिव १० प्रतिशतले हुने रु ८९०००००। पेश्कि दिएको पाईयो । सम्झौता साथ संलग्न कार्यतालिका अनुसार २०७९ साल माघ सम्ममा प्लाष्टर पनिङ्ग एवं फिनिसिङ्गको काम भईरहेको हुनु पर्नेमा लेखापरीक्षणको अवधिमा स्थलगत अवलोकन गर्दा जग खन्ने सम्मको काम भएको त्यो पनि जारी नरहेको पाईयो भने केही निर्माण सामग्री निर्माण स्थलमा देखिएता पनि निर्माण मजदुर एवं अन्य निर्माण उपकरण

</td><td>८,९००,००० </td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नदेखिको कारण तत्काल निर्माण कार्य शुरु गर्ने अवस्था समेत देखिएन। सम्झौता वमोजिम काम सक्न करिव ४ महिना मात्र वांकी रहेको अवस्थमा जग खन्ने सम्मको काम भएको कारण सम्झौता अवधि भित्रै काम सम्पन्न गर्ने सम्भावना देखिंदैन । सरकारको जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने नीतिको कार्यान्वयनमा गम्भीर असर पुगी जनताले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारवाट वञ्चित हुनु पर्ने अवस्था देखिएको छ ।साथै मोविलाईजेशन पेश्कीको बैंक जमानतको म्याद यही २०७९ फाल्गुण २३ मा सकिंदैछ । एकातिर निर्माण कार्य जारी नरहेको अर्कोतिर बैंक जमानतको अवधि सकिन लागेको कारण मोविलाईजेशन पेश्की जोखिममा रहेको देखिन्छ । अत पालिकाले उक्त निर्माण कम्पनीलाई सम्झौता वमोजिम काम सम्पन्न नगरेको आधारमा जिम्मेवार वनाउदै सार्वजनिक खरिद कानून वमोजिम आवश्यक कारवाही गरी पेश्की रकममा कानून वमोजिम हर्जाना समेत लगाई असुल गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | The linked image cannot be displayed. The file may have been moved, renamed, or deleted. Verify that the link points to the correct file and location. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | The linked image cannot be displayed. The file may have been moved, renamed, or deleted. Verify that the link points to the correct file and location. | |
| २२ | | | सुरक्षित नगरिक आवास कार्यक्रम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सुरक्षित नागरिक आवासकार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार हालसम्म देहायबमोजिम रकम निकासा गरेको विवरण उपलब्ध गराएको छ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>वडा नं</th><th>लाभग्राही संख्या</th><th>किस्ता रकम–जनही ६० प्रतिशत</th><th>जम्मा रकम</th></tr>
<tr><td>९।२०७८।१२।७</td><td>वडा नं १</td><td>३०</td><td>३००००।</td><td>९०००००।</td></tr>
<tr><td>१३।२०७८।१२।१७</td><td>वडा नं ४</td><td>९४</td><td>३००००।</td><td>२८२००००।</td></tr>
<tr><td>१५।२०७८।१२।२९</td><td>वडा नं ५</td><td>४०</td><td>३००००।</td><td>१२०००००।</td></tr>
<tr><td>४३।२०७९।३।२२</td><td>वडा नं ८</td><td>२७</td><td>३००००।</td><td>८१००००।</td></tr>
<tr><td>३८।२०७९।३।१९</td><td>वडा नं १०</td><td>२६</td><td>३००००।</td><td>७८००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१७</td><td></td><td>६५१००००।</td></tr>
</table>
प्राप्त विवरण अनुसार हालसम्म २१७ जना लाभग्राहीले प्रथम किस्ता वापत रु. ६५१००००। भुक्तानी लिएकोमा दोस्रो किस्ता लिन बाँकी रहेको देखिन्छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । अतः सम्बन्धितले तोकीए अनुसारको कार्य गरे नगरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्ने तथा प्रथम किस्ता वापतको रकमको तोकीए बमोजिमको कार्य नगर्ने लाभग्राहिबाट उक्त रकम फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **डि पी आर कार्यको मूल्याङ्कन**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ मा मूल्याङ्कन समितिको गठन एवं मूल्याङ्कनको व्यवस्था छ । नियमावली वमोजिम समितिका ५ सदस्यको उपस्थितिमा प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्नु पर्दछ ।वडा नं ७ र ८ जोडने कटैनी नदीमा पक्की पुलको डि पि आर निर्माणको परामर्शदाता श्री आई डि ईन्जिनियरिङ्ग एण्ड कन्सल्टयाण्ट प्रा लि डोटीलाई रु १५७५२२०। भुक्तानी दिएको पाईयो ।उक्त कार्यका लागि पालिकामा सूचिकृत भएका ३ परामर्शदाताहरु संग आर्थिक र प्राविधिक प्रस्ताव माग गरेकोमा रितपूर्वक दर्ता भएका तिन वटै आर्थिक तथा प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गर्न ५ सदस्यीय समिति गठन भएकोमा समितिको मिति २०७७।१२।५ गते वसेको मूल्याङ्कन समितिको वैठकमा संयोजक श्री दिनेश खडका र सदस्य सचिव श्री बलराम चौधरी मात्र उपस्थित समितिले श्री आई डि ईन्जिनियरिङ्ग एण्ड कन्सल्टयाण्ट प्रा लि डोटीलाई छनौट गरी सम्झौताका लागि सिफारिस गर्ने निर्णय गरेको पाईयो । समितिका सम्पूर्ण सदस्य उपस्थित भई प्रावधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेमा २ सदस्य मात्र उपस्थित भई मूल्याङ्कन गरेको नियमसम्मत देखिएन । | |
| २४ | | | **डकुमेन्ट्री निर्माण**<br><br>पालिकाले यस आर्थिक वर्षमा पालिका स्तरको डकुमेन्ट्रि निर्माणमा रु.४८५०००।० खर्च गरेकोमा पुन वडागत डकुमेन्ट्रि निर्माण गरी रु.१६७५५९९.० समेत जम्मा रु.२१६०५९९.० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| २४.१ | | | **लागत अनुमान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको डकुमेन्ट्रि निर्माणमा लागत अनुमान स्वीकृत नगरी निर्माण गरेको छ । जसकारण एकै प्रकृतिको डकुमेन्ट्रि निर्माणमा फरक फरक लागत लागेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी गर्नु उचित देखिएन । | |

| भौ.नं. | निर्माण कर्ता | वडा नं. | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ४८८ | आभास संचार कम्पनी प्रा.ली. | पालिका | ४८५०००.० | दाखिला नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५८५</td><td>वुद्ध क्रियसन प्रा.ली.</td><td>७</td><td>१४८५००.०</td><td>वडामा दाखिला</td></tr>
<tr><td>५८६</td><td></td><td>५</td><td>१९७०००.०</td><td>वडामा दाखिला</td></tr>
<tr><td>६५४</td><td>पहुरा मिडिया प्रा.ली.</td><td>११</td><td>१९७५००.०</td><td>दाखिला भएको</td></tr>
<tr><td>६५५</td><td></td><td>८</td><td>१९७५००.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td>७०१</td><td>सुदर्शन समाज नेपालि</td><td>३</td><td>१४५०००.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td>७४४</td><td>साझा एडभर्टाइजिङ एजेन्सी</td><td>४</td><td>१९८०००.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td>७४५</td><td>सुदर्शन समाज नेपाल</td><td>१०</td><td>१९७०००.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td>८०९</td><td>गुड स्किल ट्रेनिङ सेन्टर</td><td>२</td><td>९८५००.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td>८३४</td><td>हर्षिल ट्रेड लिङ्क प्रा.ली.</td><td>९</td><td>२९६५९९.०</td><td>दाखिला नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२१६०५९९.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>जिन्सी दाखिला – पालिकाले निर्माण गरेका १० वटा डकुमेन्ट्रि मध्ये १ वटा मात्र पाम्समा दाखिला भएको पाइयो । यसरी कार्यालयको समग्र अवस्था देखिने गरी निर्माण गरिएका जिन्सी सामाग्री कार्यालयमा दाखिला नगरेकोले पाम्समा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td>110</td><td>२०७८-७-१०</td><td>एम्बुलेन्स खरिदको लागि थप अनुदान<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले मसुरिया स्वास्थ्य चैकीलाई एम्बुलेन्स खरिदका लागि थप अनुदान</td><td>५००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रमबाट मसुरिया स्वास्थ्य चौकीलाई रु.५०००००।० भुक्तानी गरेको छ । यसरी रकम खर्च गर्ने आधार, एम्बुलेन्स खरिद भएको कागजात, एम्बुलेन्स कार्यालयमा दाखिला भएको प्रमाण केही संलग्न नगरी रकम भुक्तानी गरेकोले उल्लेखित प्रमाण कागजात पेश गर्नुपर्ने रु. | |
| २६ | 725 | २०७९-३-५ | **आधारभुत स्वास्थ्य केन्द्र अण्डैयाको एम्बुलेन्स खरिद**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले आधारभुत स्वास्थ्य केन्द्र अण्डैयाको एम्बुलेन्स खरिदको लागि अनुदान कार्यक्रमबाट चौमाला प्राथमिक स्वास्थ्य केन्द्रलाई रु.१५०००००।० भुक्तानी गरेको छ । यसरी रकम खर्च गर्ने आधार, एम्बुलेन्स खरिद भएको कागजात, एम्बुलेन्स कार्यालयमा दाखिला भएको प्रमाण केही संलग्न नगरी रकम भुक्तानी गरेकोले उल्लेखित प्रमाण कागजात पेश गर्नुपर्ने रु. | १,५००,००० |
| २७ | 728 | २०७९-३-७ | **ग्राभेलका लागि इन्धन खर्च र ट्याक्टर भाडा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले ग्राभेलका लागि इन्धन खर्च र ट्याक्टर भाडा कार्यक्रमबाट वडा नं. ४ कार्यालयका विभिन्न टोलमा ग्राभेल भरानको कारण उल्लेख गरी श्री भागीरथी कुमारी भट्टलाई रु.४६४३४४।० भुक्तानी दिएको छ । खर्च रकमको लागि प्राविधिक लागत अनुमान, सम्बन्धित कार्यको लागि सम्झौता, नापी किताब लगाएतका प्रमाण कागजात संलग्न नगरी सोझै भरान गरेको विवरण र भर्पाइ तथा वडाको सिफारिसका आधारमा रकम भुक्तानी भएकोमा वास्तविक रुपमा कार्य भएकोमा एकिन हुन सकिदैन । अतः कार्य भएको लागत अनुमान, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु. | ४६४,३४४ |
| २८ | | | **सोझै खरिद** | ३,९७५,०५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री वजेट शिर्षकबाट रु.६८७६२२८।० खर्च गरेकोमा सबै सामाग्री सोझै विधिबाट खरिद गरेको छ । नमुना परिक्षण गर्दा एकै प्रकृतिको सामाग्री पालिकाले प्रतिस्पर्धा नगराइ सोझै विधिबाट खरिद गर्नु मनासिव नदेखिएको रु. | |

| भौ.नं. | आपूर्तक | सामाग्री | रकम |
|---|---|---|---|
| १२९-७।१५ | मिश्रा ब्रदर्श | मसलन्द तथा कार्यालय सामाग्री | ४६०५७६.० |
| ६२५-१।१९ | मिश्रा ब्रदर्श | मसलन्द तथा कार्यालय सामाग्री | ३१३५१८.० |
| २२९-८।२५ | मिश्रा ब्रदर्श | मसलन्द तथा कार्यालय सामाग्री | १४३४८१.० |
| ८३०-३।२२ | मिश्रा ब्रदर्श | मसलन्द तथा कार्यालय सामाग्री | ५०४८८४.० |
| ८१८-३।२२ | मिश्रा ब्रदर्श | मसलन्द तथा कार्यालय सामाग्री | ९९८९२.० |
| २२१-८।१४ | महामाया स्क्रिन प्रिन्ट | मसलन्द तथा कार्यालय सामाग्री | १३३११४.० |
| ६२१-१।१५ | महामाया स्क्रिन प्रिन्ट | मसलन्द तथा कार्यालय सामाग्री | ४५१७१७.० |
| ८१९-३।२२ | महामाया स्क्रिन प्रिन्ट | मसलन्द तथा कार्यालय सामाग्री | २६५९४५.० |
| ८१७-३।२२ | विवेक मार्केटर्स एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ५३८३९९.० |
| ८२०-३।२२ | इशु माया ट्रेडर्स | मसलन्द तथा कार्यालय सामाग्री | २५५८७२.० |
| २२०-८।१४ | न्यू मोहराइन कम्प्युटर्स | प्रिन्टर, स्क्यानर, डस्कटप | ४८४५०२.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५७-८।२५</td><td>दिपेश इन्फोसिस</td><td>ल्यापटप, मोवाइल</td><td>३२३१५०.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३९७५०५०.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
सोझै खरिदः<br>
सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट निम्नानुसारका रु. २२,७३,१४६.०० बराबरका भेट सामाग्री सोझै खरिद गरेको पाईयो । प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको उक्त रकम नियमित हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>गो.भौ.नं/मिति</th><th>आपुर्तिकर्ताको नाम</th><th>सामानको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>०२/२०७८-०७-१३</td><td rowspan="3">सन्तुष्टि भेट सेन्टर</td><td rowspan="7">भेट औषधि/सामाग्रि</td><td>४,९०,७४१.००</td></tr>
<tr><td>२</td><td>०४/२०७८-०७-२६</td><td>९८,४५५.००</td></tr>
<tr><td>३</td><td>०५/२०७८-०८-२२</td><td>९४,०५०.००</td></tr>
<tr><td>४</td><td>०८/२०७८-०९-३०</td><td>टंक एग्रोभेट सेन्टर</td><td>२,८०,०००.००</td></tr>
<tr><td>५</td><td>११/२०७८-११-०३</td><td>माहाबाई मालिका एग्रोभेट सेन्टर</td><td>४,९९,९२०.००</td></tr>
<tr><td>६</td><td>१२/२०७८-११-२६</td><td>सन्तुष्टि भेट सेन्टर</td><td>९९,५००.००</td></tr>
<tr><td>७</td><td>१४/२०७९-०३-२०</td><td>टंक एग्रोभेट सेन्टर</td><td>२,१०,५६०.००</td></tr>
</table>
</td><td>१,७७३,२२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** २२,७३,१४६.०० | |
| ३० | | | **मालसामान तथा उपकरण खरिदः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धि कागजातमा मालसामानको प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिमको भए नभएको परीक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेशन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता भएको भनि विषयविज्ञबाट निरिक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको यकिन गर्न सकिएन । | |

| क्र.सं | भौ.नं/मिति | मालसामानको विवरण | आपुर्तिकर्ताको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ०३/२०७८-१२-१८(स्वास्थ्य पुँजिगत) | मेडिकल सामाग्रि(वेट मेसिन,सक्सन ट्युब आदी) | प्रखर आयु सप्लायर्स | ४,१२,७६२.०० |
| २ | ०४/२०७८-१२-२४(स्वास्थ्य पुँजिगत) | सामसङ ट्याब १५ थान | सेभेन स्टार डिस्ट्रिब्युशन | ४,९४,४३४.८९ |
| ३ | ०५/२०७८-१२-२४(स्वास्थ्य पुँजिगत) | डेल ल्यापटप ५ थान र प्रिन्टर | लक्ष्मी मल्टि ट्रेडर्स | ४,९९,४६०.०० |
| ४ | ०७/२०७९-०१-२१(स्वास्थ्य पुँजिगत) | ब्याट्रि १९ थान र ईन्भर्टर १४ थान | दिपेश ईन्फोसिस | ७,९९,०१४.९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>०८/२०७९-०२-१६(स्वास्थ्य पुँजिगत)</td><td>मेडिकल सामाग्रि</td><td>ग्लोबल मेडि ईक्युपमेन्ट</td><td>४,४८,४८१.००</td></tr>
<tr><td>६</td><td>१०/२०७९-०२-२७(स्वास्थ्य पुँजिगत)</td><td>मेडिकल औजार तथा उपकरण</td><td>सिद्धार्थ ट्रेड एण्ड सप्लायर्स</td><td>१४,८२,५३३.००</td></tr>
<tr><td>७</td><td>१२/२०७९-०३-२२(स्वास्थ्य पुँजिगत)</td><td>मेडिकल औजार तथा उपकरण</td><td>ग्लोबल मेडि ईक्युपमेन्ट</td><td>१४,८६,९८३.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५६,२३,६६८.८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
नर्मस भन्दा वढी खर्च<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धि नर्मस भए त्यस्तो नर्मस वमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न सडकहरु निर्माण गर्न्र क्रममा कालो पत्रे गर्नु पूर्व गरिने ट्याक कोटको प्रति वर्ग मिटर क्षेत्रमा ०.६ लिटर भन्दा वढी खपत हुने देखाई सोही वमोजिम निर्माण व्यवसायीहरुलाई भुक्तानी समेत भएको छ । सडक विभागको नर्मस अनुसार प्रतिवर्ग मिटर ०.६ लिटरका दरले खपत हुने व्यवस्था भएकोमा नर्मस भन्दा वढी खपत हुने देखाई निम्नानुसार वढी भुक्तानी भएको असुल गर्नु पर्ने रु<br><br>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायीको नाम</th><th>ट्याक कोट गरेको क्षेत्रफल</th><th>ट्याक कोट दिएको लिटर</th><th>वढि ट्याक कोट खपत लि</th><th>दर</th><th>वढी भुक्तानी मु अ कर समेत</th></tr>
</table>
</td><td>९८१,४५८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०।२०७८।७।१७ | आमवगीया सिविर हुदै जलधुस्रा सडक कालोपत्रे वडा नं २ | मल्ल निर्माण सेवा धनगढी | ५९७९।५५ | ५९७९।५५ | २३९१।८२ | ९५। | २५६७६०। | |
| | | | ८।२०७८।८।१६ | माघी लठैमा सडक कालोपत्रे | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २८५६।७ | १९७१।३८ | २५७।३६ | ५७।९८२ | १६८६२। | |
| | | | १२१त्रज | उदासी जलधुश्रा सडक कालोपत्रे वडा नं २ | एन पि एस निर्माण सेवा कैलाली | १७६५।५ | १२३५।०५ | १७६।५५ | ११०।२ | २१९८५। | |
| | | | ७०।२०७८।९।२५ | राजीपुरको शीर्षा पेट्रोल पम्प देखि वझाङ्गी टोल हुदै चेपकटला शिविर जाने वाटो | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २८१४।६८ | १९७०।२७ | २८१ | ११३।६९ | ३७०००। | |
| | | | ७४।२०७८।९।२६ | धना आउजीको घर देखि कठौनिया मिना आउजीको घर हुदै दक्षिण जाने वाटो कालोपत्रे वडा न ६ | न्यू पिके कन्सट्रक्सन धनगढी | १४६८।४० | १०२७।८८ | १४७ | १००। | १६६११। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९५।२०७८।९।२९ | मायाराम मिलदेखि उतर राजजानकी मन्दिर हुदै शान्ति टोल सम्म सडक कालोपत्रे वडा नं १० | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २३५६।५५ | १६५० | २३६।०७ | ५७।९८ | १५४६८। |
| १०६।२०७८।९।३० | फिरोज रसाईलीको घर देखि दक्षिण वुद्धी भुसालको घर हुदै कडेलको घर सम्म सडक कालोपत्रे वडा नं ४ | वि वि एस कन्सट्रक्सन कम्पनी धनगढी | २३२९।७३ | २३३०।७३ | ९३२ | ९५।२० | १००२६९। |
| १६६।२०७८।११।२० | गौडि सिमलको रुख देखि क्रेसर सम्मको सडक कालोपत्रे वडा नं ३ | विन्द्रा सन्स कन्सट्रक्सन धनगढी | २८४०।५ | १९८८।०४ | २८३।३७ | ६०।५० | १९३७३। |
| २३६।२०७८।१२।१९ | तालवन्द सडक कालोपत्रे वडा नं ७ | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २८१८।९३ | १९७३।२५ | २८१।८९ | ५७।९८ | १८४६९। |
| २३७।२०७८।१२।२९ | वेलौनी हुदै चमारीपुर सम्म र चपाईको घर देखि जनप्रिय सम्म सडक कालोपत्रे वडा नं ८ | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २९४३ | २०६०।१० | २९४।२० | ५७।९८ | १९२७५। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २३८।२०७८।१२।३० | सडक स्तरोन्नती तथा कालवपत्रे वडा नं ७ | वि वि एस कन्सट्रक्सन कम्पनी धनगढी | २६७६।०४ | २६७६।०४ | १०७० | ९४।०५ | ११३७४०। | |
| | | | २३९।२०७८।१२।३० | सरस्वती मा वि देखि वडा कार्यालय हुदै बामुली उदासीपुर दक्षिण चोक सम्म सडक कालोपत्रे वडा नं १० | वि वि एस कन्सट्रक्सन कम्पनी धनगढी | २९३१।८६ | २९३१।८६ | ११७२।७४ | ९६।९ | १२८४१२। | |
| | | | २६९।२०७९।१।१४ | खुरखुरिया देखि राजिपुर सम्म कृषि सडक कालोपत्रे | न्यू पिके कन्सट्रक्सन धनगढी | १८८४ | १३१८ | १८७।६ | ७९।२७ | १६८०४। | |
| | | | २७०।२०७९।१।२४ | धवै पिपल चौतरा हुदै शान्तिपुर जोड्ने सडक कालोपत्रे | न्यू पिके कन्सट्रक्सन धनगढी | ३०६९ | २१४८ | ३०६।६ | ११० | ३८११०। | |
| | | | २७१।२०७९।१।१४ | ऐठा चोक देखि डम्मरापुरी सम्म सडक कालोपत्रे | न्यू कुमारी कन्सट्रक्सन घोडाघोडी ५ | २८७४।८७ | २०१२।४१ | २८७।९४८ | ६४।०३ | २०८३४। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९१।२०७९।२।११ | मसुरिया गाउ हुदै योगराज पराजुलीको घर सम्म सडक कालोपत्रे वडा नं ९ | सुलभ एण्ड सुस्मिता कन्सट्रक्सन प्रा लि कैलाली | ३१६६।५५ | २२१६।५९ | ३१६।६९ | ११० | ३९३६५। |
| ३८६।२०७९।२३।१९ | दैद्वारी आनन्द प्रा वि जाने सडक कालोपत्रे वडा नं ६ | हुनिनाथ निर्माण सेवा गौरिगंगा कैलाली | ११२६।०५ | ७८८।२४ | ११२।६१ | १६५ | २०९९६। |
| ३९५।२०७९।३।२० | वासुदेव यशोदा सिहको घर देखि भोजपुर सम्म सडक कालोपत्रे | न्यू पिके कन्सट्रक्सन धनगढी | ११८९।१८ | ८३२।४२ | ११८।९१२ | १०५ | १४१०९। |
| ४१६।२०७९।३।२२ | शंकरपुर वनखेत सडक कालोपत्रे निर्माण कार्य वडा नं ९ | कडेल सुपर कन्सट्रक्सन गौरीगंगा कैलाली | ४५६१।९५ | ३१९३।३७ | ४५६।२ | १३० | ६७०१६। |
| | **जम्मा** | | | | | | **९८१४५८।** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **गत वर्षको दायित्व**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ भित्र भुक्तानी बाँकी विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । वार्षिक वजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुवर्षिय कार्यक्रम स्वीकृत गरेकोमा अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । साथै गत वर्षको रकम मध्ये देहायबमोजिको रु.७६०२२२।० को भुक्तानी बाँकी प्रमाणीत नगरी भुक्तानी गरेको रकम नियमसम्मत मान्न नसकिएको रु. | ७६०,२२२ |

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ७५-६।१९ | घर भाडा | मनकामना आयल स्टोर एण्ड सप्लायर्स | १९२०००.० | |
| ९९-७।७ | वडा नं. २ कार्यालय प्रयोजन भाडा | - | ७२०००.० | |
| १३०-७।१५ | मसलन्द तथा कार्यालय सामाग्री | मिश्रा व्रदर्श | ४९६२२२.० | |
| | जम्मा | | ७६०२२२.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **वितरण कार्यक्रम**<br><br>पालिकाले वजेट विनियोजन गर्दा वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा उत्पादनमुखि भन्दा पनि देहायबमोजिमका कार्यक्रममा रु.१५५५५९६।० खर्च लेखेको छ । तर उक्त वितरण कार्यक्रमको लगि लाभग्राही छनौटको आधारमा तथा मापदण्ड तयार गरेको देखिदैन । जसबाट सम्बन्धित व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्ने र उक्त व्यक्ति वा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्थाले स्वविवेकिय निर्णयको आधारमा वितरण गर्ने गरेको देखिन्छ । जसले गर्दा पालिकाले हरेक वर्ष वितरण गरिरहने तर यसले लाभग्राहीको वास्तविक जिवनस्तरमा उल्लेख्य परिवर्तन नहुने जोखिम रहिरहन्छ । अतः वितरणमुखि भन्दा उत्पादन वृद्धि हुने कार्यक्रममा बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |

| भौ.नं. | कार्यक्रम | विरतण सामाग्री | वडा नं. | परिमाण | रकम |
|---|---|---|---|---|---|
| ३५० | आइ.पी.एम. कृषक समूहलाई बंगुर पाठा वितरण | बंगुर पाठा पाठी | ७ | १८ गोटा | १००००००.० |
| ३५१ | तालबन्द वंगुर पालन समूहलाई बंगुर पाठा वितरण | बंगुर पाठापाठी | ७ | १८ गोटा | १००००००.० |
| ३५३ | बंगुर वितरण कार्यक्रम | | १ | १० गोटा | ५००००.० |
| ३५५ | बाखा वितरण कार्यक्रम | वाखा | १ | ५ गोटा | ५००००.० |
| ४२१ | आदिवासी जनजाती कम्लहरीलाई बंगुर वितरण | बंगुर खरिद | | १७ गोटा | ९६५००.० |
| ४७१ | एकल महिला आय आर्जन अभिवृद्धि कार्यक्रम | बाखा खरिद | | ५ वटा | ५००००.० |
| ४९२ | दलित समुदायका विपन्न नागरिकका लागि वाखा वितरण | बाखा खरिद | | १० वटा | ९५००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६९१</td><td>दलित समुदायमा वाख्रा वितरण कार्यक्रम</td><td>वाख्रा खरिद</td><td></td><td>२५ वटा</td><td>२४९८६५.०</td></tr>
<tr><td>७१४</td><td>गैर दलित समुदायमा वाख्राको पाठा वितरण कार्यक्रम</td><td>वाख्रा खरिद</td><td>१०</td><td>२० वटा</td><td>१९९९७७.०</td></tr>
<tr><td>७२४</td><td>बंगुरको पाठो वितरण</td><td>बंगुर खरिद</td><td>१०</td><td>६१ वटा</td><td>३४९९९४.०</td></tr>
<tr><td>८२६</td><td>दलित समुदायका लागि आय आर्जन सम्बन्धि कार्यक्रम</td><td>बंगुर खरिद</td><td>१०</td><td>१७ वटा</td><td>१५००००.०</td></tr>
<tr><td>८२७</td><td>कमलरी कमैयाका लागि आयआर्जन कार्यक्रम</td><td>बंगुर खरिद</td><td>११</td><td>२६ वटा</td><td>१४९७६०.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१५५५५९६.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>वडाबाट अनुदान<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिका अन्तर्गत संचालित देहायबमोजिमका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि पालिकाबाट स्वास्थ्य कर्मीको लागि पारिश्रमिक सुविधा उपलब्ध गराएको, मसलन्द तथा कार्यालय व्यवस्थापन सामाग्री खरिद, आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद गरी हस्तान्तरण गरेको अवस्थामा पुन वडागत रुपमा बजेट विनियोजन गरी वडाको निर्णयको आधारमा रु.४०००००.० अनुदानको रुपमा निकासा गरेको छ । यसरी अनुदान उपलब्ध गराएकोमा के प्रयोजनमा र कुन कार्यमा खर्च गर्ने सो सम्बन्धमा कुनै विल भर्पाइ लगाएतका कागजात संलग्न</td><td>४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राखेको छैन । समान कार्य, दरबन्दी, कार्यक्षेत्र भएको स्वास्थ्य संस्थामा कुनै वडाले रकम विनियोजन नगर्नु तथा कुनै वडाबाट विनियोजन गरी अनुदान उपलब्ध गराउनु औचित्यपूर्ण देखिदैन । अतः यसरी अनुदान उपलब्ध गराउने परिपाटीमा नियन्त्रण गरी खर्च पुष्ट्याइका प्रमाण कागजात पेश गर्नुपर्ने रु. | |
| ३५ | | | **बीमा तथा नवीकरणमा जरिवाना**<br><br>कार्यालयले आफ्नो मातहतमा रहेका जिन्सी सामाग्री, सवारी सधान लगाएको लगत अध्यावधिक रुपमा राख्ने तथा नियमानुसार समयाबधि भित्रै विमा नविकरण गर्ने गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पालिका अन्तर्गतका २३ सवारी साधनको विल बुक नविकरण गर्दा ढिलाई गरेको कारण रु.२१९७५।० जरिवाना भुक्तानी गरेको छ । कार्यालयमा रहेको सवारी साधन नविकरणमा ढिलाई गरेका कर्मचारीलाई जिम्मेवार बनाउँदै बढी व्यायभार परेको रकम नियमित गर्नुपर्ने रु. | २१,९७५ |
| ३६ | | | **वडाबाट आर्थिक सहायता**<br><br>गौरीगंगा नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ को वुँदा नं. ४ अनुसार आर्थिक सहायताको लागि कार्यपालिकाको कार्यालयमा निवेदन दिने र निवेदनको आधारमा रु.५०००।० सम्म नगर प्रमुख, रु.५०००।० देखि २५०००।० सम्म वडा कार्यालयको सिफारिसमा नगर प्रमुखले र २५०००।० भन्दा माथिको आर्थिक सहायता नगर कार्यपालिकाको बैठको निर्णयानुसार भुक्तानी गर्ने व्यवस्था | १,०४१,५९० |

| भौ.नं. | आधारभुत स्वास्थ्य चौकी | प्रयोजन | रकम |
|---|---|---|---|
| १४३-७।१६ | सामुदायिक स्वास्थ्य इकाइ वडा नं. ५ | व्यवस्थापन अनुदान | १०००००.० |
| १५७-७।२२ | मसुरिया स्वास्थ्य चौकी वडा नं. ९ | व्यवस्थापन अनुदान | ३०००००.० |
| | जम्मा | | ४०००००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले यस आर्थिक वर्ष वडा कार्यालय तथा वडाध्यक्षको निर्णयको आधारमा देहायबमोजिम रु.१०४१५००।० आर्थिक सहायता वितरण गरेको पाइयो । वडाबाट सहायता वितरण गरेको विवरण पालिकामा नरहने तथा पालिकाले पनि विवरण सार्वजनिक नगर्दा आर्थिक सहायता प्राप्त व्यक्तीमा दोहोरो नपरेकोमा एकिन हुन सकिदैन । त्यस्तै पालिकाले पारित गरेको कार्यविधिमा वडा कार्यालयबाट आर्थिक सहायता वितरण गर्ने सम्बन्धित व्यवस्था नभएको अवस्थामा वडा कार्यालयबाट वितरण गरेको आर्थिक सहायतालाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>वडा नं.</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१२६</td><td>विपद व्यवस्थापन तथा भैपरी आउने खर्च</td><td>१०</td><td>१०</td><td>१०००००.०</td></tr>
<tr><td>२</td><td>२१६</td><td>विविध कार्यालय संचालन खर्च</td><td>२</td><td>१०</td><td>६२६००.०</td></tr>
<tr><td>३</td><td>२८१</td><td rowspan="5">विपद व्यवस्थापन तथा भैपरी आउने खर्च</td><td></td><td>१३</td><td>७१०००.०</td></tr>
<tr><td>४</td><td>२८७</td><td>१०</td><td>११</td><td>६५०००.०</td></tr>
<tr><td>५</td><td>४१३</td><td>४</td><td>११</td><td>५००००.०</td></tr>
<tr><td>६</td><td>४१७</td><td>१०</td><td>१२</td><td>११४०००.०</td></tr>
<tr><td>७</td><td>४६०</td><td>१०</td><td>१८</td><td>१२९०००.०</td></tr>
<tr><td>८</td><td>५१४</td><td>विविध कार्यालय संचालन खर्च</td><td>११</td><td>९</td><td>५५५००.०</td></tr>
<tr><td>९</td><td>५१७</td><td>विविध कार्यालय संचालन खर्च</td><td>२</td><td>११</td><td>६४१००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>५१८</td><td rowspan="5">विपद व्यवस्थापन तथा भैपरी आउने खर्च</td><td>८</td><td>८</td><td>३२८९०.०</td></tr>
<tr><td>११</td><td>७५१</td><td>१</td><td>१६</td><td>५७५००.०</td></tr>
<tr><td>१२</td><td>७९०</td><td>१</td><td>१५</td><td>६२०००.०</td></tr>
<tr><td>१३</td><td>७९९</td><td>४</td><td>१५</td><td>५००००.०</td></tr>
<tr><td>१४</td><td>८२८</td><td>६</td><td>३१</td><td>१२८०००.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१०४१५९०.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
राष्ट्रिय परिचय पत्र वितरण टोलीलाई सेवा सुविधा खर्च भुक्तानी<br><br>
पालिकाले जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय परिचय पत्र वितरणगर्नको लागि खटिएको टोलीलाई सेवा सुविधा वापत देहायबमोजिम रु.३८६०२१।० भुक्तानी गरेको छ । जिल्ला प्रशासन कार्यालयबाट टोली खटिएको र सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा कुनै पनि परिपत्र नभएको अवस्था सुविधा भुक्तानी गर्ने आधार पेश गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>वडा नं.</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१३५-८।१६</td><td rowspan="2">विपद व्यवस्थापन तथा भैपरी आउने खर्च</td><td>२</td><td>१४२५५१.०</td><td>खाना, खाजा</td></tr>
<tr><td>२४३</td><td>१</td><td>२४३४७०.०</td><td>कोठा भाडा, खाना खाजा</td></tr>
</table>
</td><td>३८६,०२१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८६०२१.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td>२८१</td><td>२०७८-८-२३</td><td>
खर्च एकिन नभएको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन तथा भैपरी आउने खर्च कार्यक्रमबाट भक्तराज ओझालाई रु.२५१७५०।० भुक्तानी दिएकोमा रु.७१०००।० को आर्थिक सहायता वितरण गरेको भर्पाइ र अन्य रकम रु.१८०७५०।० को रोयल्टी विल पेश गरेको आधारमा रकम भुक्तानी दिएको छ । रोयल्टी विल पेश भएकोमा के वापतको, कुन प्रयोजनको लागि रोयल्टी खरिद को एकिन नभएकोले खर्च एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.
</td><td>१८०,७५०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
खेलकुद कार्यक्रम
सार्वजनिक निकायले सरकारी रकमको खर्च गर्दा मितव्यायिता, प्रभावकारिता र प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्दछ । पालिकले सोही अनुसार खेलकुद क्षेत्रको विकासको लागि खेलकुद कार्यक्रम र पूर्वाधार निर्माणमा जोड दिनु पर्नेमा वडाबाट टुक्रे रुपमा बजेट विनियोजन गरी वडा तहबाट नै खेलकुद सामाग्री खरिद गरी विवरण गरेको आधारमा देहायबमोजिम रु.४३१५००.० खर्च लेखेको छ । पालिकामा कुनै खेलकुद प्रतियोगित सञ्चालन नभएको तथा खरिद गरिएका सामाग्री वितरण गर्दा पनि उचित आधार र मापदण्ड वेगर नै वितरण गर्ने कार्य मनासिव देखिएन ।
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१२५-७।११</td><td>खेलकुद सामाग्री खरिद तथा वितरण</td><td>१०००००.०</td><td>सामाग्री खरिद वितरण</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६८-८।२२</td><td>खेलकुद सामाग्री वितरण कार्यक्रम</td><td>४३०००.०</td><td>१३ प्रकारका सामाग्री खरिद वितरण</td></tr>
<tr><td>३३४-१०।३</td><td>खेलकुद कार्यक्रम सञ्चालन</td><td>६००००.०</td><td>५ प्रकारका सामाग्री खरिद वितरण</td></tr>
<tr><td>६०५-१।११</td><td>वडास्तरिय खेलकुद कार्यक्रम</td><td>५००००.०</td><td rowspan="3">सामाग्री खरिद वितरण</td></tr>
<tr><td>७३८-३।१२</td><td>बाल क्लवलाई खेलकुद सामाग्री अनुदान</td><td>८००००.०</td></tr>
<tr><td>८३३-३।२२</td><td>वडास्तरीय खेलकुद कार्यक्रम</td><td>९८५००.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३१५००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
तालिम कार्यक्रम<br><br>
पालिकाले यस आर्थिक वर्षमा तालिम तथा सीपमुलक कार्यक्रम सञ्चालन गरी देहायबमोजिम रु.११९११४०।० खर्च लेखेको छ । तर यसरी तालिम लिएका सहभागिहरुको तथ्याङ्क पालिकामा राखेको पाइएन । जसबाट पालिकाले वर्षेनि तालिम कार्यक्रम सञ्चालनमा रकम खर्च गरिरहने तर तालिमबाट प्राप्त सीप आयआर्जन कार्यमा प्रयोग नगरी तालिमको औचित्य नै नरहने अवस्था रहन्छ । साथै पालिकाले तालिम प्राप्त गर्ने सहभागिको अभिलेख राख्ने नगरेको कारण पछिल्ला वर्षहरुमा तिनै सहभागि दोहोरिन सक्ने जोखिम समेत रहन्छ । अत तालिम प्राप्त सहभागिको विवरण अध्यावधिक गरी तालिम प्राप्त व्यक्तिलाई व्यावसायिक क्रियाकलापमा सहभागि हुन प्रोत्साहन गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>भौ.नं.</th><th>तालिम</th><th>अवधि</th><th>सहभागि संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>५०८</td><td>डल तथा कुसन सम्बन्धि तालिम</td><td>१५ दिन</td><td>२० जना</td><td>१४९५००.०</td></tr>
<tr><td>६१७</td><td>मुक्त कमैयार कमलरीलाई सिलाइकटाइ तालिम</td><td>३० दिन</td><td>८ जना</td><td>१४९५००.</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६५९</td><td>जनजाति वर्गलाई कम्प्युटर तालिम</td><td>३ महिना</td><td>२४ जना</td><td>१०००००.०</td></tr>
<tr><td>७०८</td><td>दलित समुदायका लागि कम्प्युटर सम्बन्धि तालिम</td><td>३ महिना</td><td>२४ जना</td><td>१०००००.०</td></tr>
<tr><td>७४९</td><td>महिलाका लागि सिलाईकटाय तालिम</td><td>१ महिना</td><td>१४ जना</td><td>९८३८०.०</td></tr>
<tr><td>७४९</td><td>महिलाका लागि व्युटिपारलर तालिम</td><td>१५ दिन</td><td>६ जना</td><td>९८३१०.०</td></tr>
<tr><td>८४०</td><td>युवाहरुका लागि ड्राइभिङ्ग तालिम</td><td>३० दिन</td><td>३० जना</td><td>४९५४५०.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>११९११४०.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>वडाबाट विद्यालयलाई अनुदान<br><br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । पालिका अन्तर्गत ४२ सामुदायिक विद्यालय सञ्चालन रहेकोमा पालिकाले शसर्त दरबन्दी बाहेक १३४ जना निजि शिक्षकलाई पारिश्रमिक स्वरुप रु.१७८७२५२५।० खर्च गरेको छ । त्यसको अतिरिक्त वडा तर्फको बजेटमा विद्यालयलाई शैक्षिक गुणस्तर सुधार, शैक्षिक स्तर उन्नति, जनशक्ति र आवश्यक अन्य खर्च लगाएतका कार्यक्रम राखि विद्यालयले व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस तथा निवेदनको आधारमा देहायबमोजिमका विद्यालयलाई रु.१८५२०००।० रकम अनुदान उपलब्ध गराएको छ । यसरी रकम उपलब्ध गराउनुको प्रयोजन र खर्चको विल भर्पाइ तथा खर्च पुष्ट्याइका प्रमाण कागजात समेत संलग्न भएको पाइएन । क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिइ अनुदान रकमको खर्च पुष्ट्याईका प्रमाण कागजात पेश गर्नुपर्ने रु.</td><td>१,८५२,००० </td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.</th><th>विद्यालय</th><th>वडा नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>४८</td><td>शंकर प्रा.वि. संकरपुर</td><td>९</td><td rowspan="4">शैक्षिक अनुदान कार्यक्रम प्रति विद्यालय २ लाख</td><td>२०००००.०</td><td></td></tr>
<tr><td>७३</td><td>शिवालिक आ.वि.</td><td>९</td><td>२०००००.०</td><td></td></tr>
<tr><td>७८</td><td>महादेव मा.वि.</td><td>९</td><td>२०००००.०</td><td></td></tr>
<tr><td>८५</td><td>जनचेतना आ.वि.</td><td></td><td>२०००००.०</td><td></td></tr>
<tr><td></td><td>सरस्वति मा.वि. उदासिपुर</td><td>१०</td><td>सरस्वती मा.वि. शैक्षिक अनुदान</td><td>५०००००.०</td><td></td></tr>
<tr><td>६६०</td><td>मोहन्याल मा.वि.</td><td></td><td rowspan="2">वडा कार्यालय र सप्रोस नेपालिको साझेदारीमा शैक्षिक अनुदान</td><td>२०००००.०</td><td></td></tr>
<tr><td>७५८</td><td>जनजागृति आ.वि. अण्डैया</td><td></td><td>२०००००.०</td><td></td></tr>
<tr><td>९७</td><td>जुनेली बाल विकास केन्द्र</td><td>३</td><td rowspan="3">बालविकास केन्द्र संचालन तथा व्यवस्थापन अनुदान</td><td>१८०००.०</td><td></td></tr>
<tr><td>६०९</td><td>जनचेतना आ.वि.</td><td></td><td>६७०००.०</td><td rowspan="2">कार्यालय सामाग्री खरिद</td></tr>
<tr><td>६५०</td><td>शंकर प्रा.वि.</td><td>९</td><td>६७०००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१८५२०००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट आ.व.२०७८/७९ मा रु.८६२८७६६।६७ सुविधा वापत भुक्तानी भएको छ । जुन आन्तरिक आयको ४८.७७ प्रतिशत रहेको छ । आन्तरिक आयको दायरा वृद्धि गरी सुविधा भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ४३ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय तह सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले नगरसभाको मिति २०७८।३।११ को निर्णयानुसार दैनिक हाजिरीको आधारमा सबै कर्मचारीलाई दैनिक रु.१००।० का दरले खाजा खर्च भुक्तानी गरी वार्षिक रु.७९६०००।० गरेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी एकमुष्ट रुपमा भन्दा कार्यसम्पादनका आधारमा प्रोत्साहन भत्ता भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४४ | | | **अनुगमन प्रतिवेदनः**<br><br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ। पालिकाले उक्त अनुदान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ । | |

| क.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | मोहन्याल मा.वि. अण्डैया | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| २ | मालिका मा.वि.चौमाला | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| ३ | पशुपति मा.वि. मंगलपुर | आई.सि.टि. अनुदान | ६५००००.० |
| **जम्मा** | | | **१९,५०,०००.०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **शिक्षक दरवन्दी र पदपुर्ति-** शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | १७९ | १७७ | ११ | ८,८३७ | १:५० |

</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**तलब भत्ता बढी निकासा(शिक्षक)**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ ।नगरपालिकाले देहायबमोजिम शिक्षकको अवकाश भएको दिनसम्मको मात्र तलबभत्ता भुक्तानी गर्नुपर्नेमा बढी तलब भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| **क्र.सं** | **शिक्षकको नाम** | **विद्यालयको नाम** | **अवकाश मिती** | **१ महिनाको तलब** | **बढी निकासा रकम** |
|---|---|---|---|---|---|
| १ | चित्रराज ओझा(प्रा.वि द्वितिय) | माहादेव मा.वि. शंकपुर | २०७८/१२/२० | ४४,४८१.६ | १,४८,२७२.००( ३ महिना १० बढी) |
| **जम्मा** | | | | | **१,४८,२७२.००** |

</td><td>१४८,२७२</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>निजि विद्यालय व्यवस्थापनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस पालिकामा २२ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| ४८ | | | **प्रमाण कागजात नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले शैक्षिक सत्र २०७८ सालको आधारभूत शिक्षा अन्तर्गत कक्षा ८ को परीक्षा संचालानार्थ कार्यालय समयको अतिरक्त हरीश पन्तले(उपसचिव) यातायात तथा प्रोत्साहन रकम वापत ६ दिन खटेको भनि प्रति दिन रु १ हजारको दरले ६ दिन खटेको रु ६ हजार खर्च लेखेको तर ३ दिनको मात्र खटेको दिनको हाजिरी तथा संलग्न कागजात भएकोले बाँकि ३ दिनको हाजिरी तथा कागजात पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ३,००० |
| ४९ | | | **नगर शिक्षकलाई पारिश्रमिकः**<br><br>अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका ४२ वटा विद्यालयका १३४ शिक्षकहरुलाई चाँडपर्व खर्च सहित तलब भत्ता बापत रु.१,७८,७२,५२५.०० भुक्तानी गरेको छ।पालिकाले राजश्व बाँडफाँडबाट नीजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता नियमित नदेखिएको रु. | १७,८७२,५२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ५१ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **शिक्षण सुधार तथा विद्यालय व्यवस्थापन अनुदानः**<br><br>पालिकाले आ.व.२०७८/७९ मा ४२ सामुदायिक विद्यालय तथा १ बालबिकास केन्द्रलाई शिक्षण सुधार तथा विद्यालय व्यवस्थापन अनुदान वापत रु.४१,२५,०००.०० भुक्तानि गरेको पाईयो ।विद्यालय व्यवस्थापन तथा संचालन वापत शसर्त अनुदानबाट विभिन्न शिर्षकमा शिक्षक,विद्यालय कर्मचारी,विद्यार्थी लगायत विद्यालय समेतलाई अनुदान प्रदान गरेता पनि पालिकाले शिक्षालाई निःशुल्क तथा गुणस्तरीय बनाउनका लागि दरबन्दी,संचालित कक्षा र विद्यार्थी संख्याको आधारमा पुनः सुधार तथा विद्यालय व्यवस्थापन अनुदान वापत रु.४१,२५,०००.०० भुक्तानि गर्दा अनुदानमा दोहोरोपना भई अनुदानको प्रभावकारितामा कमि हुने देखिन्छ। पालिकाले यसरी अनुदान वितरण गर्दा खर्चको आकार,आन्तरिक आम्दानी र राजश्वको क्षमता समेतलाई विचार गरेर मात्र खर्च गर्नतर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| ५३ | | | **अघिल्लो आ.व.को छात्रवृत्ति भुक्तानीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ५.१२ मा कक्षा ११ र १२ मा ५/५ क्रेडिट आवरको जीव विज्ञान,रसायन विज्ञान र भौतिक विज्ञान विषयमा अध्ययनरत छात्रछात्राहरु,विद्यालय तहको प्राविधिक धारमा अध्ययनरत छात्रछात्राहरुको वार्षिक रुपमा २४०००.००,विज्ञान विषय बाहेक अन्य विषयमा अध्ययन गर्ने छात्रछात्राहरुको वार्षिक रुपमा १८०००.०० र कक्षा ९ र १० मा छनौट भएका छात्रछात्राहरुले वार्षिक रुपमा ६०००.०० का दरले छात्रवृत्ति पाउने व्यवस्था रहेको छ ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा ९ देखि १२ मा अध्ययनरत १० विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका २१० जना विद्यार्थीलाई अघिल्लो आर्थिक वर्षको छुट भुक्तानी भनि विपन्न लक्षित छात्रवृत्ति वापत रु.२७,७२,०००.०० वितरण गरेकोले मापदण्ड अनुसार छात्रवृत्ति पाउन योग्य हो होईन साथै कार्यालयले भुक्तानी दिन बाँकीको कच्चाबारी राखि विगत वर्षको खर्च भुक्तानीबारे यकिन गरेर मात्र छात्रवृत्ति प्रदान गर्नुपर्दछ । | |
| ५४ | १३० | २०७९-३-२ | **विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः**<br><br>विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा ९ देखि १२ मा अध्ययनरत १० विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका २१० जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.२७,७२,०००.०० भुक्तानी गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धि अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन विशेष ध्यान दिनुपर्दछ । | |
| ५५ | | | **बितरण भर्पाई नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम निरन्तर्ता अन्तर्गत गड्यौला मल,तरकारीको बिउ,प्लाष्टिक टनेल,गोबर मल,स्प्रे ट्यांकी,थोपा सिंचाई,रासायनिक मल लगायत अन्य कृषि सामाग्रि खरिद वापत नवरत्न युवा कृषक समुहलाई रु.८,००,०००.०० र शान्ति सुरक्षा महिला कृषक समुहलाई रु.४,००,०००.०० गरी कुल रु.१२,००,०००.०० भुक्तानी भएको पाईयो तर उक्त सामाग्रीहरु खरिद गरि समुहले क-कसलाई कति परिमाणमा वितरण गरेको हो सो सम्बन्धमा आवश्यक वितरण भर्पाई नभएकोले पेश हुनुपर्ने रु. | |
| ५६ | | | **बोयर बोका खरिदः**<br><br>कार्यालयले यस वर्ष अघिल्लो आ.व. २०७७/७८ को भुक्तानी बाँकी प्रमाणित गरी प्राची कृषि फर्म,गोदावरीबाट १०० प्रतिशत शुद्ध बोयर बोका ट्याग नं ३७९०१ को ८३ के.जी. र ट्याग नं ३७९०२ को ८३.६०० के.जी. बोयर बोका खरिद वापत कुल रु. ४,९९,८००.०० भुक्तानि गरी पंचकन्या बाख्रापालन फार्म र ईश्वर बहुउदेश्यीय कृषि तथा पशुपंछि फर्मलाई वितरण गरेको पाईयो।उक्त बोयर बोका बाख्रा अनुवांशिक श्रोत केन्द्र,बुढीतोला,कैलालीद्वारा १०० प्रतिशत शुद्ध बोयर बोका भनि प्रमाणित गरेको समेत पाईयो ।आ.व. २०७८/७९ को जिल्ला दर रेट अनुसार बोयर जातको प्रति के.जी. रु ८८२.० उल्लेख छ ।पालिकाले शत प्रतिशत शुद्ध बोयर बोका भनी प्रति के.जी. रु.३०००.० को दरले खरिद गरेको पाईएकाले जिल्ला दररेटमा उक्त जातको बोकाको शुद्धता उल्लेख नभएकोमा खरिद गर्दा शत प्रतिशत भनी खरिद गरेकोमा जिल्ला दररेट अनुसार पनि नभएको एवं शत प्रतिशत भए नभएको समेत एकिन गर्न सकिएन । | |
| ५७ | | | **अनुदानको अनुगमन र मूल्यांकनः**<br><br>अनुदान वितरण गर्दा तोकिएको उद्येश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने,पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **बिउ वितरण अनुदानः**<br><br>पालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत उन्नत गहुँको विउ वितरणतर्फ ५० प्रतिशत अनुदान अन्तर्गत कृषक समुह मार्फत २७८२ जनालाई रु.४२,८७,२२०.००, धानको विउ वितरणतर्फ ८३९ कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.९,३४,५००.०,च्याउको बिउ बितरणतर्फ ४८६ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.२,४९,९५०.००, मौसमी तथा बेमौसमी तरकारी पकेट कार्यक्रमतर्फ १८५ जना कृषकलाई १०० प्रतिशत अनुदान अन्तर्गत रु.२,५०,०००.०० र साना सिंचाई कार्यक्रमतर्फ ३ वटा कृषक समूह/सहकारी संस्थालाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.२,१५,२७३.० गरी कुल रु.५९,३६,९४३.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । | |
| ५९ | | | **बढी ग्रेड निकासाः**<br><br>कोष तथा लेखा नियन्त्रक कार्यालय,कैलालीले आ.व. २०७८/७९ को स्वास्थ्यतर्फको तलबि प्रतिवेदन मिति २०७८/०९/२५ मा पारित गरेको छ ।पालिकाले देहाय बमोजिम कोष तथा लेखा नियनन्त्रक कार्यालयद्वारा पारित गरेको ग्रेड संख्याभन्दा बढी ग्रेड दर भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | २५,०८६ |

| क्र.सं | कर्मचारीको नाम | हुनुपर्ने ग्रेड संख्या/दर | बढी भएको ग्रेड संख्या/दर | ग्रेड बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>लाल बहादुर चौधरी(ज.स्वा.नि)</td><td>१/१२६७</td><td>४/१२६७</td><td>३/२५,०८६.०</td><td>श्रावणदेखि मंसिरसम्म(पर्व भत्ता समेत)</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५,०८६.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>स्वास्थ्य चौकीलाई अनुदानः<br><br>पालिकाले आ.व. २०७८/७९ मा स्वास्थ्य संस्था अनुदान वापत मसुरिया स्वास्थ्य चौकीलाई स्वास्थ्य संस्था अनुदान शिर्षकमा रु.३,००,०००.००,फार्मेसी संचालन वापत रु.५,००,०००.००,आँखा जाँच उपचार व्यवस्थापन वापत रु.५,००,०००.०० र एम्बुलेन्स खरिद वापत रु.५,००,०००.०० गरी कुल रु.१८,००,०००.०० भुक्तानि गरेको पाईयो।पालिकाले प्रदान गरेको विवरण अनुसार आ.व.२०७८/७९ मा आन्तरिक आय रु. १,७६,९३,०४०.४७ रहेकोमा स्वास्थ्य संस्था अनुदान मात्र १०.१७ प्रतिशत रहेको छ ।पालिकाले यसरी अनुदान वितरण गर्दा खर्चको आकार,आन्तरिक आम्दानी र राजश्वको क्षमतालाई विचार गरेर मात्र खर्च गर्नतर्फ साथै अनुगमन कार्यलाई पनि विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>औषधी खरिदः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. २९,८७,०००.०० को औषधि सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आपुर्ति भएका औषधि एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
